लहाननगरपालिका
नगरकार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

**विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का सम्वन्धी १५ (पन्ध्र) दिने शिलबन्दी टेण्डर आमन्त्रण सूचना ।**

(दोश्रो पटक सूचना प्रकाशित मिति २०८२/०५/०४ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमको यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको विज्ञापन कर र सेवा शुल्क संकलन गर्न/गराउन आर्थिक वर्ष २०८२/०८३ (एक) वर्ष अर्थात मिति २०८२ साल श्रावण १ देखि ०८३ साल आषाढ मसान्त) सम्मकालागि (ठेका सम्झौता भएका बखत दामासाही रुपमा बाँकी अवधिको गणना पश्चात रकममा सम्झौता हुने गरि) एकमुष्ठ गनीमहसुल/किस्तावन्दीमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलवन्दी टेण्डर आमन्त्रण गरिन्छ ।

तपसिल :-

| सि.नं. | ठेक्काको विवरण | ठेकका अवधि | न्यूनतम ठेकअंक रकम रु. (मू.अ.कर, आयकर र दुर्गापुजा चन्दा बाहेक) | ठेक्काको किसिम | टेण्डर फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| ०१. | गुदरी हाटबजार सेवाशुल्क ठेक्का, (वडा नं. २३, गाढा चौकहाटवजार) । | आ.व.२०८२/०८३ | १,३१,०००/- | एकमूष्ठ गनीमहसुल | १,०००/- |

**शर्तहरु:**

०१. टेण्डर फाराम खरिद गर्न ईच्छुक फर्म, संस्था वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०८१/०८२ कालागि नविकरण भएको इजाजतपत्र, मुल्य अभिवृद्धि कर स्थायी लेखा नम्वर (पान) दर्ता प्रमाण पत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (औं) दिन अर्थात् मिति २०८२/०५/१८ गतेसम्म कार्यालय समयभित्र टेण्डर फाराम दस्तुर माथि उल्लेख भए वमोजिम (पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको आन्तरिक राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ ।

०२. खरिद गरिएको टेण्डर फाराममा उल्लेख भएका सवै विवरणहरु प्रष्ट सँग अध्ययन गरी सम्वन्धित पक्षले प्रत्येक पानामा सहीछाप गरी शिलवन्दी गरी खाम वाहिर ठेक्काको नाउँ र ठेगानाका साथै टेण्डरदाताको नाम र ठेगाना प्रष्ट सँग उल्लेख गरी १६ (औं) दिन अर्थात् २०८२/०५/१९ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका टेण्डरहरु सोही दिन दिनको २:०० वजे पछि नगरकार्यपालिकाको कार्यालय, लहानमा टेण्डरदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा समेत रितपूर्वकको टेण्डर खोलिने कार्यमा वाधा पर्नेछैन ।

०३. टेण्डर फारम खरिद/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

०४. टेण्डर फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

०५. शिलवन्दी टेण्डर फारम साथ आफुले कवोल गरेको अंक रकमको ५% ले हुने धरौटी रकम नेपाल बैंक लि., लहान स्थित रहेको यस कार्यालयको च.हि.नं. ०३६०३०००००३००००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम वरावरको यस कार्यालयका नाउँमा मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको बोलकबोल जमानी पत्र (कम्तीमा ७५/१२० दिन म्याद भएका) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । बिस लाख भन्दा बढी न्यूनतम अंक भएकाहकमा अनिवार्य १२० दिन म्याद भएको र बिस लाख भन्दा कम न्यूनतम अंक भएकाहकमा ७५ दिन म्याद भएको हुनु पर्ने । धरौटी रकम टेण्डर फारम साथ नगद खामी आएमा कार्यालय जिमेवार हुनेछैन, साथै त्यस्तो टेण्डर फारमहरु अमान्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

०६. कबोल गरेको रकम स्वीकृत भए पश्चात सो कबुल अंकमा **न.पा. द्धारा संचालित दुर्गापुजा चन्दा १.५%, आयकर १.५% र मू.अ.कर १३% समेत ठेक्का स्वीकृत भए पश्चात ठेक्का अंकमा जोडी कायम भएको रकम** एकमुष्ठ बुझाउनु पर्ने छ । **अन्यथा ठेक्का सम्झौता हुने छैन ।**

०७. आ.व. २०८२/०८३ को सुरुवातीबाट नै ठेक्का व्यवस्थापन हुनका लागी सूचना प्रकाशन भएता पनि ठेक्का व्यवस्थापन समयमा हुन नसकेकाले दोश्रो पटकको सूचना वमोजिम ठेक्का व्यवस्थापन भई कुल अंकमा कबोल गरेको रकम अनुरुप ठेक्का सम्झौता हुदाँका बखंत आ.व.२०८२/०८३ मा बाँकी रहेको अवधि गणना गरि सोहि अवधिको दामासाही रुपमा हुन आउने रकमलाई ठेक अंक कायम गरि ठेक्का सम्झौता भई ठेक्का सञ्चालन हुने ।

**०८. कावु बाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।**

**०९. शिलबन्दी टेण्डर फारम पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन ।** साथै रित नपुगी वा म्याद नाघी आएको **टेण्डर उपर कुनै कार्यवाही हुनेछैन ।**

**१०. प्राप्त टेण्डरहरु कुनै पनि कारण जनाई वा निजलाई सम्पूर्ण वा अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।**

**११. यस कार्यालयमा साविकमा बांकी वक्यौता राखेका व्यक्ति/घर परिवार तथा उक्त व्यक्ति आवद्ध फर्म, संस्था लाई ठेक्का प्रकृयामा समावेश गरिने छैन ।**

**१२. ठेक्का सम्बन्धी अन्य विषयमा जानकारी लिनु परेमा कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिन्छ ।**

नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत
**प्रमुख प्रशासकीय अधिकृत**